जि.का.सप्तरी द.नं. २(२०३९/०६/१८)-०३९/०४०
म.नि.मु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४२ अंक ३८ २०८१ साल बैशाख ३० गते आइतवार (12 May 2024 Sunday) मूल्य रु. ७/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** बरिष्ठ कानुन व्यवसायी हिम्मत सिंह ... **पृष्ठ ३ मा :** अमेरिका जानु छ भने ... **पृष्ठ ४ मा :** हात्तीपाइलेका कारण सपना चकनाचुर ... **पृष्ठ ५ मा :** राजविराज जेसीजको चार ...

## चिम्टीका अग्निपीडित परिवारलाई दिनहु राहत प्रदान गरिदै




**राजविराज**/सप्तरीको महादेवा गाउँपालिका १ चिम्टी अग्निपीडित परिवारका लागि राहत प्रदान गर्ने क्रमम जारि रहेको छ ।

नेपाली काँग्रेस र नेपाल विद्यार्थी संघ सप्तरीले बिहीबार चिम्टीका अग्निपीडितलाई राहत स्वरुप ट्युवेल, खाद्यान्न र बालबालिकालाई स्टेशनरी प्रदान गरेको छ ।

काँग्रेसका सप्तरी सभापति रामदेव साहले अग्निपीडितहरुका लागि ६ थान ट्युबेल, पाईप र त्यसको जडानमा लाग्ने खर्चसहित वडाध्यक्ष जयकिशोर दासलाई हस्तान्तरण गरेका छन् ।

यसैगरी नेपाल विद्यार्थी संघ सप्तरीले अग्नीपीडित ६६ परिवारजनलाई राहत स्वरुप खाद्यन्न सामग्री र बालबालिकालाई स्टेशनरी प्रदान गरेको छ ।

राहतमा चामल, दाल, खानेतेल, च्युरा, नुन लगायतका सामग्री तथा बालबालिकालाई स्टेशनरी प्रदान गरेको नेविसंघ सप्तरीका सभापति राकेश ठाकुरले जानकारी दिए ।

राहत वितरण कार्यक्रमा काँग्रेस सप्तरी उपसभापति रामकुमार यादव, सचिव सनत मंडल, युवा नेत ईरसाद अन्सारी, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनाराण साह, तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष अरुण मंडल, कृष्णासवरण गाउँपालिकाका उपाध्यक्ष कल्पना चौधरी लगायतका उपस्थिति थियो ।

यसैबगरि अग्नीपीडितलाई विहिवार क्याप्टिभेटिङ्ग नेपालको सहयोगमा सुमार्ग नेपालले जस्तापाता वितरण गरेको छ । अग्निपीडित ६६ परिवारलाई सुमार्ग नेपालले १ बन्डल जस्तापाता वितरण गरेको हो ।

सो अवसरमा गाउपालिकाका उपाध्यक्ष अर्चना कुमारी यादव, गाउपालिकाका पूर्व अध्यक्ष दिपक कुमार यादव, वडा अध्यक्ष जयश्वर किशोर दास, सुमार्ग नेपालका अध्यक्ष मुरारी शुक्ला सहितकाले जस्तापाता वितरण गरेका थिए ।

त्यस्तै बिहीबारै निर्माण व्यवसायी संघ सप्तरीले अग्निपीडित परिवारलाई एक थान टेबल पंखा बितरण गरेको छ । संघका अध्यक्ष सतिशचन्द्र मिश्रले सबै परिवारलाई उक्त टेबल पंखा बितरण गरिएको जानकारी दिए ।

ती पीडित परिवारलाई विभिन्न संघसंस्थाले खाना पकाउने भाडावर्तन, ग्यास चुल्हा, बक्सा लागतयका सामाग्रिहरु प्रदान गरेका छन् । ती राहतका सामाग्रिहरु ५२ नं बलिया क्याम्प कतारको सहयोगमा प्रदान गरिएको हो ।

समाजसेवी रामउद्धगार यादव, ई. संजिव नारायण यादव, रिना झा, ई. शैलेन्द्र यादव, ई.रामजी यादव, ई नन्दकिशोर यादव, महिला अभियानी अनिता यादव, महिला अभियानी सविता यादव, ई.ओम प्रकाश यादव लगायतले सप्तरी युथ नेपालको उपस्थितीमा प्रदान गरेको हो ।

अग्निपीडितका लागि ६७ थान प्रेसर कुकर, ६७ थान कराही, ६७ थान प्लेट, ६७ थान पन्यू बितरण गरिएको सप्तरी युथ नेपालका बिपद् व्यवस्थापन समितिका संयोजक सत्येन्द्र यादवले जानकारी दिए । लहान उद्योग बाणिज्य संघले ४५ परिवारलाई चुल्हा र ग्यास सिलिन्डार प्रदान गरेको छ ।

यस्तै यादव युवा संघले समेत राहत स्वरुप ठूलो बाकस बितरण गरेको छ । ६६ अग्निपीडित परिवारलाई समान राख्ने ठूलो बाकस सहयोग गरिएको छ ।

त्यस्तै समाजसेवी एवं बौद्धिक वर्गका व्यक्तित्व डा. मुरली प्रसाद सिंहले अग्निपीडितहरूका लागि तीन छाकको खानामा लाग्ने सम्पूर्ण सामग्री दिएका छन् ।

यता सप्तरी युथ नेपाल र नुर वेलफेयर सोसाइटी सप्तरीको संयुक्त आयोजना तथा स्वतन्त्र विद्यार्थी युनियन मविव क्याम्पस राजविराज, मिसन कलेज र पदमा एण्ड टुरिजम बथनाहाको सहकार्यमा उक्त खाना खुवाउने व्यवस्था जारि नै छ ।

गत वैशाख १८ मा महादेवा गाउँपालिका वडा १ चिम्टीमा भिषण आगलागी हुँदा ६६ परिवारका एक सय भन्दा बढी घर जलेर खरानी भएको थियो ।

अहिले अग्निपीडितहरुलाई बसोबासको समस्या रहेको स्थानिय वडाध्यक्ष जयकिशोर दासले बताए । प्रति परिवारलाई कम्तिमा पनि पाँच जना सम्म बस्न सकिने ठोस घरको सबै भन्दा बढी खाँचो रहेकोले सहयोगी निकायहरुलाई त्यतातिर ध्यान दिन वडाध्यक्ष दासले आग्रह गरे ।

## नेपाल बैंकको सुरक्षा गार्डको हत्या

**राजविराज**/नेपाल बैंक लिमिटेड शाखा फत्तेपुरका सुरक्षागार्ड क्वाटरमै मृत अवस्थामा फेला परेका छन् ।

सप्तरीको सप्तकोशी नगरपालिका २ निवासी ५६ वर्षिय परशुराम फुयाल बिहीबार विहान ७ बजे तिर बैंक परिसरमा रहेको क्वाटर भित्रै मृत अवस्थामा फेला परेका हुन ।

उनको हत्या भएको हुन सक्ने स्थानीयवासीले अनुमान गरेका छन् भने प्रहरी घटनाको अनुसन्धान भइरहेको बताएको छ । घट्नास्थलको प्रकृति तथा सीसीटीभी फुटेज चेक गर्दा हत्या भएको संकेत गरेको प्रहरीको भनाई छ ।

यद्यपी यसबारे अनुसन्धान भईरहेकोले सत्य तथ्य सार्वजनिक गर्न केही समय लाग्ने इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी महेन्द्र नेपालले जानकारी दिए ।

बैंकमा रहेको सीसीटीभी फुटेज चेक गर्दा मध्यराती तिर एक जना नकावधारी व्यक्ती बैंक भित्र ओहोर दोहोर गरेको देखिएको डिएसपी नेपालले बताए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले सीसीटिभी फुटेजमा देखिएका व्यक्ती बैंक लुट्ने प्रयोजनका लागी नकाब लगाएर चोर बाटोबाट मध्यराती बैंकमा प्रवेश गरेको अनुमान गरिएको बताउँदै बैंक भित्र रहेका सबै सम्पती सुरक्षित रहेको जानकारी दिए ।

यसैबीच विहीवार नै घट्ना स्थलमा कोशी प्रदेश प्रहरी कार्यालयबाट डग स्क्वाड (तालिम प्राप्त कुकुर) ल्याइ प्रयोग गरिको छ । डग स्क्वाडले पनि केही संकेत गरेकोले त्यसको पनि अध्ययन गर्दै सीसीटिभी फुटेजमा देखिको नकाबधारी व्यक्तीको खोजी कार्य तिब्र बनाइएको उनको भनाई छ ।

नेपाली सेनाबाट सेवानिवृत भएपछि उनी विगत ७ वर्ष देखि उक्त बैंकमा सुरक्षागार्डको रुपमा कार्यरत थिए ।

## राजविराजमा "गजेन्द्र स्मृती भवन तथा संग्रहालय" निर्माण हुँदै

**राजविराज**/स्व. नेता गजेन्द्र नारायण सिंहको स्मृति एवं सम्झनामा राजविराजमा "गजेन्द्र स्मृती भवन तथा संग्रहालय" निर्माण हुने भएको छ ।

शुक्रबार एक कार्यक्रमबीच मधेश प्रदेशसभा सदस्य एवं प्रदेशका पूर्वशिक्षा मन्त्री महेश प्रसाद यादवले उक्त संरचनाको शिलान्यास गरेका छन् ।

शिलान्यास कार्यक्रमका क्रममा आयोजित भूमि पुजनमा प्रमुख अतिथि प्रदेश सांसद यादवका साथै अर्का प्रदेश सांसद सतिशकुमार सिंह, राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परबिन, वडा अध्यक्ष अरुण यादव पनि सरिक भए ।



राजविराज नगरपालिकाले गजेन्द्र नारायण सिंह स्मृति सामुदायिक भवन तथा संग्रहालय निर्माणका लागि वडा नं. २ मा प्रस्तावित राजविराज बस पार्क नजिकै ८ कठ्ठा १ धुर जग्गा उपलब्ध गराएपछि शहरी विकास मन्त्रालयको बजेटमा सो भवन निर्माण हुन लागेको हो ।

कृति बिल्डर्स राजविराजले २०८१ असार १४ गतेभित्र निर्माण कार्य सम्पन्न गर्ने गरि भवन निर्माणको ठेक्का पाएको छ । निर्माण कम्पनीका प्रमुख अरबिन्द यादवले उक्त निर्माण कार्यको २०८१ बैशाख १६ गते शहरी विकास तथा भवन निर्माण विभागसँग सम्झौता भएको बताए ।

उक्त सम्झौता अनुसार नवनिर्मित भवनमा १/१ वटा सभाहल, संग्रहालय र स्मृति भवन, दुई वटा कार्यालय कोठा, एक वटा सुरक्षा गार्ड बस्ने कोठा, भान्छाकोठा, शौचालय र बाथरुम लगायतको सुविधा रहने सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीका इन्जिनियर राजकुमार मिश्रले जानकारी दिए ।

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष एवं सप्तरी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित डा. सीके राउतको विशेष पहलमा संघीय सरकारबाट ६० लाख २० हजार ६ सय ४७ (मुल्य अभिबृद्धि करसहित) को लागतमा सो भवन निर्माण हुन लागेको हो ।

डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### आगलागिका घटना हुन नदिन आवश्यक सावधानी अपनाऔं

सुख्खायाम र हावाहुरी चल्ने मौसममा आगलागिका घटना हुन नदिन आवश्यक सावधानी अपनाउनु जरुरी छ । यस्ता घटनाबाट बच्न आफै सतर्कता अपनाउनु पर्छ । ग्रामिण क्षेत्रमा आगलागिका घटनाबाट जोगिन हावाहुरीको समयमा विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाउनु पर्छ । खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसाल्नुपर्छ, दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं, घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौंलगायतका सचेतना अपनाउनु पर्छ ।

त्यस्तै सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं, घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं, गुहाली (गाईगोठ) मा घुर बाल्दा सावधानी अपनाऔं, घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ । गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं । यस्ता सचेतनाका उपायहरु अपनाउन सके पक्कै पनि आगलागिका घटनामा नियन्त्रण पाउन सक्छौं ।

तसर्थ आगलागीका घटना न्यूनिकरणको प्रयासमा आजैबाट सबै लाग्नु जरुरी छ । यस सम्बन्धमा जनचेतना फैलाउनु पनि उत्तिकै आवश्यक छ भने अर्कोतर्फ स्थानीय तहहरुले बढी जिम्मेवारी निर्वाहा गर्नुपर्छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# बरिष्ठ कानुन व्यवसायी हिम्मत सिंह "काशीराज-गंगादेवी स्मृति पुरस्कार २०८१ बाट सम्मानित



राजविराज/सप्तरीका बरिष्ठ कानुन व्यवसायी हिम्मत सिंहलाई "काशीराज-गंगादेवी स्मृति पुरस्कार २०८१ बाट सम्मानित गरिएको छ ।

नेपाल बार एशोसिएशन उच्च अदालत राजविराजद्वारा बुधबार आयोजित शुभकामना एवं सम्मान कार्यक्रममा प्रमुख अतिथी सर्वोच्च अदालतका न्यायधिश सुनिल कुमार पोखरेलले उनलाई दोसल्ला तथा कदरपत्रबाट सम्मान गरेका हुन् ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ५ कोइलाडी बसांइन निवासी ८४ वर्षिय सिंहले कानुन, मानव अधिकार, समाजिक न्याय, न्यायनिरुपण र समाज परिवर्तन लगायतको क्षेत्रमा गरेको योगदानको कदर गर्दै सो पुरस्कार प्रदान गरिएको नेपाल बार एशोसिएशन उच्च अदालत राजविराजका अध्यक्ष हरेराम यादवले बताए ।

राजविराज ७ निवासी समाजसेवी स्व.काशीराज पोखरेल र गंगादेवी पोखरेलको स्मृतिमा उनका छोरा पूर्व क्याम्पस प्रमुख विष्णु पोखरेल, बुहारी शोभा पोखरेल र नुतन पोखरेलले यसै वर्ष सो पुरस्कारको स्थापना गरेका हुन ।

कानून, मानवअधिकार, सामाजिक न्याय र समाजसेवा क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तीलाई हरेक वर्ष कानुन दिवसको अवसर पारेर उक्त पुरस्कारबाट सम्मानित गरिने एशोशिएसनले जनाएको छ । पुरस्कारको राशी १५ हजार र कदरपत्र रहेको छ । यसै वर्ष पोखरेल परिवारले २ लाख १ हजार रुपैया पुरस्कार अक्षयकोषका लागी एशोसिएशनलाई हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा सर्वोच्च अदालतका न्यायधिश पोखरेलले नेपालको न्यायपालिका दक्षिण एशियामै अग्रस्थानमा रहेको बताए । उनले नेपालको न्यायपालिका दक्षिण एशियामै अग्रस्थानमा रहेकोमा गौरवको विषय रहेको भन्दै नयाँ र पुराना कानुन व्यवसायीबीचको सन्तुलन कायम रहनु नेपालको न्याय प्रणालीको महत्वपूर्ण पक्ष रहेको उल्लेख पनि गरे ।

न्यायालय सबै प्रकारका दबाव, प्रभाव र अभावबाट मुक्त हुनुपर्ने धारणा राख्दै न्याय सम्पादनका बेला न्यायधिशलाई कतैबाट प्रभव पार्नु हुन्न भन्ने मान्यता रहेको उनले बताए । न्यायपालिका कमजोर र निमुखाका लागि रहेको भन्दै जिम्मेवारीका साथ न्याय सम्पादन गर्नु पर्ने उनले बताए । मुद्दाको जतिसक्दो छिटो फच्छौंट गरेर न्यायालयको सुधारमा लागि रहेको बताउँदै न्याय सम्पादन कार्यमा खटिने सबै जिम्मेवार बन्नु पर्नेमा उनले जोड दिए ।

नेपाल बार एशोसिएशन उच्च अदालत जनकपुर-राजविराजका अध्यक्ष हरेराम यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा आयोजित कार्यक्रममा न्यायधिश बासुदेव ज्ञवाली, नारायण प्रसाद सुवेदी, बिमल सुवेदी, दिपककुमार दाहाल, अर्जुन अधिकारी, प्रमुख जिल्ला अधिकारी किरण थापा, जिल्ला बार एशोसिएशनका अध्यक्ष रामप्रसाद चौधरी, पूर्व अध्यक्षहरू श्यामनारायण साह, हेमनारनयण चौधरी, पुरस्कार स्थापना परिवारका सदस्य नुतन पोखरेल, वरिष्ठ कानुनी व्यवसायी हिम्मत सिंह समेतले बोल्दै न्यायालयमा सुधार तथा छिटो छरितो न्याय सम्पादनका लागि आ-आफ्नो सुझाव दिएका थिए ।


## साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने,कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्‍याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपि अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुसर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

जनहितका लागि
डाक्नेश्वरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी

# अमेरिका जानु छ भने कानुनले चिन्ने गरी जानुस्

**कृष्णमणि पराजुली**

अहिले विश्वकै आकर्षणको केन्द्र बनेको छ, अमेरिका । त्यसमा पनि गरिब मुलुकका कतिपयका लागि अमेरिका सपनाको देश बन्दै गएको छ ।

ठुलो देश र आबादी कम भएकाले जति नै मानिसको ओइरो लागे पनि केही समस्या पर्दैन अमेरिकालाई । बरु विभिन्न किसिमका जनशक्तिको आवश्यकता पर्ने भएकाले ईडीभी र अन्य माध्यमबाट अमेरिका प्रवेश गर्नेहरूको अहिले लर्को नै चलेको छ । कानुनी तथा गैरकानुनी जसरी भए पनि अमेरिका छिर्नका लागि जिउ-ज्यानकै जोखिम मोल्नेहरू पनि देखिन्छन् । यसरी विश्वका कुना-काप्चामा बस्नेका लागि समेत आकर्षण हुन गएको छ अमेरिका ।

मानिसले धेरै कुरा बुझ्न, जान्न र देख्न चाहन्छ। यद्यपि अहिले विज्ञान र प्रविधि सबै देशमा एउटै हो । शिक्षा, स्वास्थ्य, प्रविधि, व्यावहारिक ज्ञान उस्तै हुन् । केवल सञ्चालन र व्यवस्थापन मात्र फरक हो । उस्तै भए पनि अमेरिकाको उत्पादन र प्रविधि बढी गुणस्तरीय र विश्वसनीय हुन्छन् ।

अमेरिकालाई हामी अर्कै ग्रहजस्तो ठान्छौं । यो बुझाइ पनि गलत हो । मानिसले हात बाँधेर प्रगति गर्न सक्दैन । उनीहरू हात बाँधेर बस्दैनन् र काम गरेकै हुन्छन् । बिकासका लागि अनेक उपाय निकाल्छन् । व्यक्तिलाई भन्दा यहाँ कामको मूल्याङ्कन गरिन्छ, त्यसो हुँदा कामको उत्पादकत्व र गुणस्तरमा उच्चता पाउन सकिन्छ । देश विकास एकैचोटि हुने होइन । यसका लागि त निरन्तरता हुनैपर्छ ।

विकासलाई तीव्रता दिन नसकेका कारण मात्र हामी पछि परेका हौँ । विकासका लागि आवश्यक पर्ने संरचनाहरू भने सबै मुलुकका लागि उस्तै हुन् र विकास गर्नै नसकिने होइन । यसका लागि राजनीतिक प्रतिबद्धता आवश्यक हुन्छ । अल्पविकसित मुलुकमा यसको अभाव भएकाले नै विकासमा धेरै मुलुकपछि परेका हुन् । तीव्र गतिमा विकास गर्दै गएको हुनाले अन्य मुलुकलाई विभिन्न किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रभाव पारिरहेकै छ अमेरिकाले ।

यहाँ सन्दर्भ छ अमेरिकाकै । अमेरिकामा जसरी पनि छिर्ने र छिरेपछि ह्वाह्र्वाती डलर आउँछ भन्ने सोच कदापि गर्नु हुँदैन । पैसा त्यसै आउने भए अमेरिकाले किन बाहिरका मानिसलाई लैजान्थ्यो ? उत्पादन बढाउनका लागि नै उसले बाहिरबाट मानिस लैजाने हो ।

तपाईं हाम्रो साधारण शिक्षाले ठुलो आम्दानी गर्नै सक्दैन । रोजगारीबाट मनग्गे आम्दानी गर्नका लागि विशेष शिक्षाको आवश्यक हुन्छ, जुन ज्ञान तथा शिक्षाले आम्दानीमा तीव्रता दिएको हुन्छ । अमेरिकामा आम्दानी गर्ने शिक्षा भनेको प्राविधिक तथा व्यावहारिक शिक्षा नै हो । अहिले त आईटी तथा अनलाइन शिक्षाको बिकासले धेरै मानिसले गर्ने काम थोरै मानिसबाट सम्भव भएको छ । यसले गर्दा पनि त्यहाँ साधारण शिक्षा प्राप्त गर्नेहरूलाई रोजगारीको अवसर न्यून हुँदै गएको छ ।

अमेरिकामा मात्र होइन, धेरै मुलुकमा मानिसले लामो समय लगाएर गर्ने कामलाई एआईले क्षणभरमै सम्पन्न गरेर चकित पारेको छ । यसको निर्माण गर्ने पनि मानिस नै हुन् तर तिनीहरूमा विशेष दक्षता भएको हुन्छ । त्यसकारण साधारण ज्ञान लिएर तपाईं जहाँ गए पनि त्यसबाट हुने आम्दानीबाट सन्तुष्ट हुनै सक्नुहुन्न । राम्रो काम र मामका लागि त उपयुक्त शिक्षा, ज्ञान र दक्षता हासिल गर्नैपर्छ ।

तपाईं थोरै आम्दानीबाट पनि सन्तुष्ट हुनुहुन्छ भने सामान्य शिक्षा र ज्ञान भए पनि पुग्छ । जहाँ पनि यस प्रकारको शिक्षाले तुलनात्मक रूपमा राम्रो रोजगारी दिँदैन ।

अहिले बढी आवश्यक भएको क्षेत्र भनेकै आईटी हो । यस क्षेत्रको ज्ञान तपाईंसँग पर्याप्त छ भने तपाईंले घरै बसेर पनि राम्रो आम्दानी गर्न सक्नुहुन्छ ।

अमेरिकामा जुन हैसियतबाट प्रवेश गरे पनि तपाईंले कुनै आपराधिक काम गर्नु हुँदैन भने तपाईंले चाहेजति बस्न सक्नुहुन्छ । तेरो भिसा छैन भनेर घोँक्र्याएर देश फिर्ता गर्दैन । यसो गर्नु मानवता विरोधी हुन सक्छ । यहाँ सानोतिनो (घन्टाका आधारमा पारिश्रमिक दिइने) काम पाउने सम्भावना भने बढी हुन्छ । अर्को धेरै घन्टा काम गर्छु भन्दा पाइँदैन । जो-कोहीलाई पनि हप्तामा दुई दिन आराम गर्नैपर्छ भन्ने मान्यताले गर्दा पाँच दिनमा ४० घन्टासम्म काम गर्न सकिन्छ । पारिश्रमिकका सम्बन्धमा पनि त्यति भिन्नता हुँदैन, किनभने निश्चित मापदण्ड निर्धारण भएको हुन्छ ।

अर्को राम्रो पक्ष भनेको तपाईंसँग कुनै विषयको राम्रो दक्षता अथवा सीप छ भने राम्रै आम्दानी पनि गर्न सक्नुहुन्छ । मानौँ कुनै कृषि फर्ममा कुनै कृषिको ज्ञान भएको कामदारको आवश्यकता पर्‍यो भने कृषि विषय पढेकै हुनुपर्छ भन्ने पनि केही छैन । तपाईंमा कृषिको ज्ञान छ भने रोजगारी पाउन सक्नुहुन्छ । रोजगारदातालाई काम चाहियोको हो न कि प्रमाणपत्र । सरकारी कार्यालयमा प्रमाणपत्र चाहिन्छ, त्यो क्षेत्र अर्कै हो । काम गर्दै जाँदा कर्मचारीले धेरै कुरा सिकेका हुन्छन् । रोजगारदाताहरु सन्तुष्ट भए भने कामदारलाई माथिल्लो तहमा लैजाँदा पनि रहेछन् । त्यसकारण आम्दानी गर्नका लागि पढाइभन्दा पनि कामबाट हुन सक्ने उपलब्धिलाई बढी महत्त्व दिइएको हुँदो रहेछ ।

अमेरिकामा घरभाडा भने अलि महँगै छ । यसका लागि कतिपय मानिस जसको आम्दानी कम छ, सेयर गरेर पनि बस्छन् । कुनै एउटा फ्ल्याट सेयर गर्दा अवश्य नै सस्तो पर्ने हुन्छ । यसरी आफ्नो कमाइलाई केही हदसम्म किफायत गरेर जीवन चलाउने पनि गर्छन् ।

बाहिरबाट त्यहाँ जानेका लागि केही महँगोको अनुभव त अवश्य नै हुन्छ, तर त्यहाँ बसेर कमाउनेका लागि त महँगीको असर पर्ने कुरै भएन । स्वदेशको तुलना गरेर कुनै पनि सामान किन्दा एकदमै महँगोजस्तो लाग्छ । एकमुठा साग किन्दा पाँच डलर पर्छ । त्यो सागलाई नेपालमा ५० रुपैयाँभन्दा त पक्कै बढी पर्दैन । राम्रो पारिश्रमिक छ भने महँगीबाट त्यति चिन्ता लिनु पनि पर्दैन ।

तपाईं वैधानिक बाटोबाट अमेरिका जानुभएको छ भने तपाईंलाई धेरै कुरामा सहज हुन्छ र कुनै प्रकारको चिन्ता लिनुपर्दैन । ग्रिनकार्ड, सामाजिक सुरक्षा नम्बर, रोजगारी, बिमा, औषधि उपचारजस्ता विषयमा सजिलो हुन्छ । गलत किसिमले

*बाँकी चार पृष्ठमा*




अनुरोधकर्ता
सप्तकोशी नगर कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
बालनबिहुल गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
खडक नगर कार्यपालिकाको कार्यालय, सप्तरी

# हात्तीपाइलेका कारण सपना चकनाचुरः नेपाली श्रमिक फर्काउँदै मलेसिया

मलेसियाबाट अस्वस्थ्य भनि नेपाल फर्काइएका आप्रवासी कामदारमध्येका एक हुन् पंचराम चौधरी थारु । कपिलवस्तु जिल्ला निवासी ३० वर्षीय पंचराम चौधरी थारु नेपालमा हात्तीपाइले भनेर चिनिने लिम्फेटिक फाइलेरियासिस्को परीक्षण पोजेटिभ देखिएपछि मलेसियाबाट नेपाल फर्काइएका हुन् । मलेसियाबाट निकालिएपछि आफ्ना चकनाचुर भएका सपना बोकेर आफ्नो देश फर्क्किएका छन् । पंचराम एक प्रतिनिधि पात्र मात्रै हुन् जसको कथाले विदेशमा अवसर खोज्न गएका नेपाली युवाहरुले अप्रत्याशित रुपमा देखा परेको स्वास्थ्य चुनौतीको झल्को दिन्छ ।

जनावरी २०२४ मा आफ्नी श्रीमती र १८ महिनाकी छोरीको जीवन सहज र सुखी बनाउने सपना बोकेर मलेसियाको यात्रा सुरु गरेका चौधरीको गएको एक महिना पनि नपुग्दै सपना चकनाचुर भयो । मलेसियाको नियमित स्वास्थ्य परीक्षणको दौरानमा चौधरीको शरीरमा फाइलेरिया रोग पोजेटिभ देखिएपछि फेब्रुवरीमा मलेसियन सरकारले उनलाई नेपाल फकाईदियो । दुई लाख सत्तरी हजार रुपैयाँ ऋण लिएर मलेसिया गएका चौधरी हाल तनावमा छन् ।

तीन लाख सत्तरी हजार रुपैयाँ सापट लिएर मलेसिया गएका प्रभास राजवंशीको कथा पंचरामको भन्दा केहि फरक छैन । प्रभास राजवंशी पनि पंचराम जस्तै मलेसियामा नियमित स्वास्थ परीक्षणको क्रममा फाइलेरिया रोग पोजेटिभ देखिएपछि नेपाल फर्काइएका हुन् । गर्भवती श्रीमती र आफ्नो गुजारा टार्न हाल प्रभास दैनिक ज्याला मज्दूरीमा आफ्नो संघर्ष गरिरहेका छन् । एकातिर आफू अस्वस्थ प्रमाणित भएको पीडा, अकोतर्फ ऋणको भारी बोकेर दिनहुँ संघर्ष गरिरहेका प्रभास निराश हुँदै म्यानपावर कम्पनीबाट आफ्नो पैसा फिर्ता दिलाइदिन सहयोगको याचना गरिरहेका छन् । "यदि सहयोग नै गर्न चाहनुहुन्छ भने कृपया म्यानपावरबाट मेरो पैसा फिर्ता गराइदिनुहोस्" भन्दै सहयोग खोजिरहेका प्रभास समान समस्या भोगिरहेका अन्य युवाहरुको प्रतिनिधि आवाज हुन् ।

पंचरामले म्यानपावरलाई बुझाएको केहि पैसा फिर्ता पाउन सफल भएता पनि प्रभासलाई भने न त म्यानपावरले पैसा फिर्ता दियो न त काम गर्न गएको कम्पनीले कुनै सोधभर्ना दियो । पंचराम र प्रभास जस्तै लिम्फेटिक फाइलेरियासिस् (हात्तीपाइले) रोगको सिकार भई विदेशबाट नेपाल फर्काइने व्यक्तिहरुको संख्या बढ्दो क्रममा छ । यस रोगले स्वास्थमा मात्र असर नभइ व्यक्तिको आर्थिक स्थायित्व, र अनेकौं सपना सजाएर बैदेशिक रोजगारमा जाने युवाहरुको संसार ध्वस्त समेत पार्दछ । समयमा नै यस रोगको रोकथामको लागि सरकारले निर्देशन गरेको औषधिको सेवन नगर्नाले यो रोग लाग्दछ ।

एक पटक शरिरमा यस रोगको लक्षण देखिए पछि निको नहुने र यस रोगले अन्ततःअपाङ्ग समेत बनाउने हुनाले यि रोग लागेका व्यक्तिहरुको जीवन असहजहुन जान्छ । दक्षिण एसियाली देशहरु मध्ये बंगलादेश, माल्दिभ्स् र श्रीलंकाले यो रोग उन्मूलन् गरिसकेका छन् । मलेसिया पनि यस रोग उन्मूलनको प्रक्रियामा रहेको हुनाले संक्रमण नियन्त्रणको लागि उक्त रोगको परीक्षणमा पोजेटिभ देखिएका वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुलाई स्वदेश फिर्ता पठाउने निति मलेसियन सरकारले अपनाएको देखिन्छ ।

नेपालले सन् २०३० सम्ममा नेपालबाट लिम्फेटिक फिलारियासिस् उन्मूलन गर्ने उद्धेश्य राखी हरेक साल विभिन्न जिल्लामा आम औषधि सेवनका अभियानहरु संचालन गर्दै आइरहेको छ । नेपालका ७७ जिल्लामध्ये १३ वटा जिल्लामा यस रोगको संक्रमण नरहको, ५३ वटा जिल्लामा आमऔषधि सेबनले पूर्णता पाएको र ४ वटा जिल्लामा आमऔषधि सेवन पूरा गरि अन्तिम सर्वेक्षणको क्रममा रहेको कुरा विश्व स्वास्थ्य संगठनको प्रतिवेदनहरुमा उल्लेख गरिएको छ ।

७७ जिल्लामध्ये ७ वटा जिल्लाकपिलबस्तु, रसुवा, रौतहट, सर्लाही, धनुषा, महोत्तरी र झापामाभने अझै पनि सामुदायिक स्तरमा यस रोगको संक्रमणको जोखिमउच्च देखिएको छ । विश्वभरि करिब १२० मिलियन व्यक्तिमा देखिएको यो रोग ( लिम्फेटिक फिलारियासिस) क्युलेक्स् नामक लामखुट्टेबाट सर्ने एक सरुवा रोग हो जसले लशिका नलिलाई असर पुर्याइ शरिरका विभिन्न अंगमा असरहरु देखाउन थाल्छ । यो रोग लागे पछि मानिसमा खुट्टा सुन्निएर हात्तीका पाइला जस्ता हुँदै जाने, हात सुन्निने, पुरुषको अण्डकोश सुन्नि्े, महिलामा स्तन सुन्निने जस्ता लक्ष्णहरु देखिने गर्दछ । एक पटक रोग लागि सकेपछि कुनै पनि उपचार नभएका कारण यस रोगले संक्रमित व्यक्तिको जीवन असहज बनाउँदै जीवनभरीका लागि अपाङ्गता समेत श्रृजना गर्ने हुनाले यो रोग जनस्वास्थ्यको क्षेत्रमा डरलाग्दो चुनौती हो ।

रोकथामका उपायहरु उपलब्ध हुँदाहुँदै पनि पंचराम र प्रभास जस्ता १६ जना नेपाली कामदारहरु यस रोग परीक्षणमा पोजेटिभ देखिएका कारण रोजगारी विहिन भई स्वदेश फर्किएका छन् । यो संख्या टेकु अस्पतालको सम्पर्कमा आएका व्यक्तिहरुको संख्या मात्र हो, बाँकी तथ्यांक अझै पनि अस्पष्ट नै छ । मलेसियाबाट फिर्ता पठाइएका यि व्यक्तिहरुलाई मलेसियन सरकारले जीवनभरि मलेसिया प्रवेशमा रोक लगाएको छ । मलेसिया पुनःप्रवेश गर्न रोक लगाइएका यि युबाहरुको यो अनिश्चित भविष्यबारे सोच्दै गर्दा उनीहरुसँग आर्थिक अनिश्चितता र कठिनाइको चक्रलाई निरन्तरता दिँदै अन्यत्र अवसरहरु खोज्नुबाहेक केहि विकल्प नरहेको देखिन्छ ।

यस रोगसँग लड्ने एउटै मात्र हतियार भनेको आमऔषधि सेवन मात्र हो जुन हाल उच्च जोखिम मानिएका सातैवटा जिल्लामा संचालन भइरहेको छ । वि.सं.२०८१ साल बैशाख १६ गते देखि ३० गते सम्म स्वास्थ्यकर्मी, जनस्वास्थ्य अधिकारीहरु तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु घरघर, टोलटोलमा गई कोहि पनि नछुटुन् भनि अहोरात्र खटिएर हात्तीपाइले विरुद्धको आमऔषधि सेवन अभियानमा लागिरहेका छन् ।

यस अभियानमा प्रयोग गरिएका तिनै थरी औषधिहरु सुरक्षित रहेको कुरा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख कन्सल्टेन्ट चिकित्सक डा विमल चालिसे बताउनुहुन्छ । दुई वर्ष मुनिका बालबालिका, गर्भवती महिला, सात दिनसम्मको सुत्केरी र ओच्छ्यानमै थला परेका बिरामीबाहेक सबैले यो औषधि सेवन गर्न सकिने र यस रोगबाट बच्न आफु र आफ्नो छरछिमेकमा सबैलाई औषधि सेवनगर्न प्रेरित गरी भविष्यमा हुन सक्ने जोखिम बाट बच्न इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रुद्र मरासिनी सबैमा आव्हान् सन्देश दिनुहुन्छ । -(श्रद्धा उपाध्याय र प्रमिला पराजुली फेयरमेड नेपालमा कार्यरत छन् ।) स्वास्थ्य खबरबाट

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**

## *अमेरिका जानु ...*

गएकाहरूलाई भने यी सबै कुरामा समस्या हुन्छ । त्यसकारण असुरक्षित किसिमले अमेरिक नजानु नै बेश ।

बढी आम्दानी गर्नका लागि मानिसले अमेरिकामा दुई-तीन ठाउँमा पनि काम गर्छन् । तपाई कानुनले चिनेको व्यक्ति हो र तपाईसँग कुनै क्षेत्रमा विज्ञता छ भने राम्रै आम्दानी गर्न सक्नुहुन्छ । राम्रो वित्तीय विवरण तयार गर्ने र तिनीहरूको विश्लेषण गर्न सक्ने क्षमता भएको व्यक्तिले राम्रै पारिश्रमिक पाउन सक्छ किनभने यो काम सामान्य ज्ञान भएको मानिसले गर्न सक्दैन । राम्रो आय गर्नका लागि सानो अवधिको आईटीको तालिम लिएर पनि घरैबाट काम गर्न सकिन्छ । यसरी आफ्नो क्षमता छ भने राम्रो आयआर्जन गर्न सक्ने विभिन्न अवसर अमेरिकामा देखिन्छन् । मुख्य कुरो आफूले ती अवसरलाई ग्रहण गर्न सक्नुपर्‍यो ।

यहाँ कामलाई सानो र ठुलो भनेर छुट्ट्याइएको हुँदैन । काममा कुनै हीनताबोध गर्नुपर्दैन । त्यसैले पारिश्रमिक धेरै लिने र थोरै लिने भनी फरक गरिएको हुँदैन । धेरै तलब खानेले पनि कुचो लगाउँछन्, हाई-हेल्लो भन्छन् र हात मिलाउने गर्छन् । यसरी कुनै पनि सङ्गठनको काममा सहयोग बन्ने वातावरण त्यसभित्र काम गर्नेबाटै निर्माण भएको हुन्छ ।

ठुलो भूगोल, ठुलो जनसंख्या, विज्ञान र प्रविधिको विस्तारले गर्दा दक्ष जनशक्तिको आवश्यकता परेकै हुन्छ । अमेरिकाले विभिन्न भिसा जारी गरेर सस्तोमा जनशक्ति लिँदै आएको छ । यो तरिकाले उसले विकासमा गति लिएको देखिन्छ ।

अमेरिकामा बस्न यस कारण पनि सजिलो छ कि कुनै मानिस अवैधानिक भए पनि उसले राम्रो आचरण देखाउँछ भने लामो अवधिसम्म बस्न कुनै समस्या पर्दैन । विद्यार्थी भिसामा आउनेका लागि भने निकै राम्रो रहेछ । छात्रबृत्तिमा जाने विद्यार्थीलाई अमेरिकामा बस्न खानका लागि सहयोग नै हुँदो रहेछ । पढाइ राम्रो गर्दै गएमा विभिन्न अवसर उपलब्ध हुने र ग्रिनकार्डको अवसर पनि मिल्ने हुन्छ ।

वैधानिक रूपमा प्रवेश गर्ने र शारीरिक रूपमा तन्दुरुस्त भएकाका लागि भने अमेरिकामा रोजगारीका अवसर प्रशस्तै देखिन्छन् । कामका आधारमा प्रतिफल पाउने हुँदा जीविका चलाउन जो-कसैलाई सजिलै हुँदो रहेछ । सजिलो छ भन्दैमा अवैधानिक बाटो भएर प्रवेश गर्दा भने धेरै कुराको जोखिम नै मोल्नुपर्छ । त्यसकारण अमेरिका आउनु छ भने कानुनले चिन्ने गरी प्रवेश गर्नु नै एक मात्र राम्रो उपाय हुनेछ । (लेखक पराजुली नेपाल सरकारका पूर्वउपसचिव हुन् ।) रातोपाटीबाट

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**
**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# राजविराज जेसीजको चार महिनाको गतिविधिमा सक्रियता आएकोप्रति प्रशंसा



**राजबिराज**/नेपाल जेसीजका राष्ट्रिय उपाध्यक्ष योगेश राजवंशीले राजबिराज जेसीजको चार महिनाको गतिविधिमा सक्रियता आएकोप्रति प्रसंशा गरेका छन् ।

भ्रमणका क्रममा राजबिराज जेसीज आइपुगेका उपाध्यक्ष राजवंशीले सो प्रसंशा गर्दै उनले जेसीज युवाहरुको नेतृत्व क्षमता वृद्धि गर्ने संस्था रहेकोले युवाहरु माझ यस संस्थालाई पुऱ्याउनु आवश्यक रहेको उल्लेख गरे ।

उनको सम्मानमा आयोजित "मिट एण्ड ग्रिट" कार्यक्रममा बोल्दै उनले उर्लाबारी जेसीज, मोरङका बर्ष २०२३का अध्यक्ष भई नेपाल जेसीजका उपाध्यक्ष भएका राजवंशीले राजबिराज जेसीजको लामो इतिहास रहेको र सक्षम लिडरहरु रहेकाले शाखाको चार महिनाको गतिविधिमा सक्रियता आएको जिकिर गरे ।

नेपाल जेसीजले शाखाहरुमा गतिविधि सञ्चालन गर्न केही सहयोग गर्ने गरेको बताउँदै सो लिन राजबिराज जेसीजले बाताबरण बनाउनु पर्ने र माग गर्नु पर्ने सुझाव समेत उनले दिए ।

नेपाल जेसीजले देशै भरिमा भएका आफ्ना शाखाहरुको स्थलगत भ्रमण गरी त्यहाँका अवस्था बुझ्न र समस्या भए सो को सामाधान गर्न आफ्ना उपाध्यक्ष र कार्यकारी उपाध्यक्षहरुलाई परिचालित गर्ने कार्य अन्तरगत आफ्नो भ्रमण भएको उनको भनाई थियो ।

उक्त कार्यक्रममा बोल्दै राजबिराज जेसीजका पूर्व अध्यक्ष सतीश कुमार दत्तले शाखा स्थापनाको ४९ बर्ष भई सकेको परिवेशमा यस कार्यकालले आउँदो बर्ष हुने स्वर्ण जयन्तीको लागि पूर्वाधार तैयार गर्नु पर्ने भएकोले कठिन मेहनत गर्नु पर्ने उल्लेख गरे ।

राजबिराज जेसीजको आफ्नै भवनमा बर्ष २०२४का अध्यक्ष बिप्लब आनन्दको अध्यक्षतामा भएको मिट एण्ड ग्रिट कार्यक्रमको सञ्चालन यस बर्षका महासचिव पंकजकुमार देबले गरेका थिए ।

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, बान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिंङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, बान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिंङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## कम्बोडियाद्वारा 'ई-चुरोट'को सेवनबाट स्वास्थ्य खतराबारे चेतावनी

**नोमपेन्ह**/कम्बोडियाको स्वास्थ्य मन्त्रालयले शनिबार मानिसहरूलाई विशेषगरी युवाहरूलाई 'ई-चुरोट' सेवन नगर्न आह्वान गरेको छ । यसमा निकोटिनको उच्चस्तर हुन्छ जसले प्रयोगकर्ताहरूको स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ ।

ई-चुरोट वा भ्याप ब्याट्री-सञ्चालित यन्त्र हो । मन्त्रालयको विज्ञप्तिअनुसार यसले प्रयोगकर्ताहरूले श्वास लिने एरोसोलमा विशेष तरल पदार्थलाई तताउँछ ।

ई-चुरोटमा ठूलो मात्रामा निकोटिन हुन्छ र एक अत्यधिक लत लगाउने पदार्थ पनि हो । विज्ञप्तिमा ई-चुरोट सेवन गर्नेहरूले फोक्सोको रोग, फोक्सोको क्यान्सर, हृदय रोग र मस्तिष्कको विकासमा क्षतिको उच्च जोखिम सामना गर्न सक्ने उल्लेख छ । गर्भवतीहरूका लागि ई-चुरोट भेपरले गर्भमा रहेको बच्चाको विकासलाई असर गर्छ ।

लागुऔषध विरुद्धको राष्ट्रिय प्राधिकरणले सन् २०१४ देखि ई-चुरोट र सिसाको आयात, व्यापार र प्रयोगमा प्रतिबन्ध लगाएको छ । तर केही अवसरवादीहरूले अझै पनि यी उत्पादनहरू बिक्री गर्ने गरेका छन् ।

वास्तवमा ई-चुरोट चुरोटको लत छाड्ने यन्त्र होइन । यसले प्रयोगकर्ताको स्वास्थ्य, उनीहरूको परिवार र समाजमा साँच्चै खतराहरू निम्त्याएको छ ।

स्वास्थ्य मन्त्रालयले ई-चुरोटको आयात, व्यापार र प्रयोगलाई नियन्त्रण गर्न र ई-चुरोट सेवनबाट स्वास्थ्यमा पार्ने असरबारे जनचेतना जगाउन सबै तहका सम्बन्धित अधिकारीहरूलाई आग्रह गरेको छ । यस मुलुकमा विशेषगरी युवाहरूमा ई-चुरोटको प्रयोग बढेपछि मन्त्रालयबाट उक्त चेतावनी आएको हो । एजेन्सी

## रुसी आक्रमणपछि युक्रेनको सीमा क्षेत्रबाट सयौँ मानिस विस्थापित

**किएभ**/मस्कोले भूमिगत आक्रमण सुरु गरेको एक दिनपछि युक्रेनको खार्किभ क्षेत्रमा रुसी सीमा नजिकका क्षेत्रहरूबाट सयौँ मानिसलाई विस्थापित गरिएको क्षेत्रीय गभर्नरले शनिबार बताउनुभएको छ ।

गभर्नर ओलेग सिनेगुबोभले सामाजिक सञ्जालमार्फत कूल एक हजार सात सय ७५ लाई सुरक्षित स्थानमा सारिएको र पछिल्लो २४ घण्टामा यस क्षेत्रका ३० वटा बस्तीमा रुसी तोपखाना र मोर्टार आक्रमण भएको उल्लेख गर्नुभयो । एजेन्सी

## जङ्गलमा लागेको डढेलोले पश्चिमी क्यानाडाका दुई समुदायलाई आपत्कालीन चेतावनी

**ओटावा**/क्यानाडाको पश्चिमी प्रान्त अल्बर्टामा जङ्गलमा लागेको नियन्त्रणबाहिरको डढेलोका कारण दुई समुदायका लागि शुक्रबार राति निकासीको चेतावनी जारी गरिएको छ ।

उक्त दुई समुदाय 'फोर्ट म्याकमुरे' र 'सप्रे क्रिक एस्टेट' का थिए । आगो हाल फोर्ट म्याकमुरेको २५ किलोमिटर दक्षिणपश्चिममा रहेको र धुवाँले फोर्ट म्याकमुरेको दक्षिणी राजमार्ग ६३ मा दृश्यतालाई असर गर्न सक्छ ।

प्रभावित क्षेत्रका बासिन्दाहरूलाई छोटो सूचनामा खाली गर्न तयार रहन जानकारी दिइयो । क्यानाडाली इन्टरएजेन्सी फरेस्ट फायर सेन्टरका अनुसार शुक्रबार देशभर एक सय १७ वटा आगो सक्रिय रूपमा लागिरहेको छ र तीमध्ये ३३ वटा नियन्त्रण बाहिर रहेका छन् ।

क्यानाडा सरकारले देशभर सामान्यभन्दा माथिको तापक्रमले ठूलो जङ्गली डढेलोको जोखिम निम्त्याउन सक्ने बिहीबार चेतावनी दिएको छ । सन् २०२३ मा क्यानाडाको डढेलोको सिजन रेकर्डमा सबैभन्दा विनाशकारी हो ।

क्यानाडाको राष्ट्रिय फायर डाटाबेसका अनुसार सन् २०२३ मा देशभर सात हजार एक सय ३१ आगलागी हुँदा १७ करोड दुई लाख तीन हजार छ सय २५ हेक्टर जमिन जलेको थियो । एजेन्सी

## चाडका ६० लाख मानिसका लागि खाद्यान्न सहयोग आवश्यक : राष्ट्रसङ्घ

**संयुक्त राष्ट्रसङ्घ**/छिमेकी सुडानबाट पाँच लाख शरणार्थीको आतिथ्यता गरेको चाडलाई आफ्ना एक करोड ८० लाख जसङ्ख्यामध्ये एक तिहाइका लागि खाद्य सुरक्षा तथा पोषण सहायता आवश्यक रहेको संयुक्त राष्ट्रसङ्घीय मानवतावादीहरूले बताएका छन्

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएच) ले जलवायु परिवर्तन, असुरक्षा र खाद्यान्न तथा इन्धनको मूल्यवृद्धिबाट देशभरको अवस्था बिग्रिएको जनाएको छ ।

मार्चदेखि चाडले दक्षिणमा मुसलधारे वर्षा र बाढीको सामना गरिरहेको छ । शरणार्थीहरूले देशको पूर्वमा मानवीय अवस्थालाई उल्लेखनीय रूपमा असन्तुलित बनाएका छन् भने चाडमा गैर-राज्य सशस्त्र समूहको आक्रमणले थप विस्थापन निम्त्याइरहेको छ ।

राष्ट्रसङ्घको प्रतिवेदनअनुसार २४ लाख मानिस खाद्य असुरक्षामा छन् । तीमध्ये तीन लाख मानिस गम्भीर खाद्य असुरक्षामा छन् । प्रभावकारीरूपमा कुनै ठोस सहायता प्रदान गर्न नसकिए यो सङ्ख्या असहज मौसममा ३३ लाख हुन सक्छ ।

एक अर्ब १० करोड अमेरिकी डलरको चाड मानवतावादी आवश्यकताहरू तथा २०२४ का लागि प्रतिक्रिया योजना छ दशमलव छ प्रतिशत वित्तपोषित रहेको बताइएको छ । यसमा करिब सात करोड ४० लाख डलर प्राप्त भयो ।

संयुक्त राष्ट्रसङ्घको आपतकालीन राहत संयोजक मार्टिन ग्रिफिथ्सले फेब्रुअरीमा विश्व निकायको केन्द्रीय आपत्कालीन प्रतिक्रिया कोषबाट एक करोड ५० लाख अमेरिकी डलर कोष उपलब्ध गराएको जानकारी दिनुभयो । एजेन्सी

# एक सातादेखी दुई किशोरी वेपत्ता



**राजविराज**/मामाको छोरीको विवाहमा भारतबाट राजविराज आएकी दुई किशोरी वेपत्ता भएकी छिन्। भारत विहार राज्यको दरभंगा जिल्ला जाले ग्राम पंचायत वस्ने जय किशोर यादवकी १८ वर्षिया छोरी रिंकी र १९ वर्षिया पिंकी बैशाख २१ देखी राजविराजबाट वेपत्ता भएकी हुन्।

राजविराज ७ खरसाल टोल वस्ने मामा अशोक यादवको छोरीको वैशाख ७ गते तय भएको विवाहमा सहभागि हुन बुवा जयकिशोर र आमा देवकी देवी सहित दिदी/बहिनी रिंकी र पिंकी बैशाख ६ गते नै राजविराज पुगेकी थिइन।

विहे सम्पन्न भएपनि आफ्नो घर मै वसेका भान्जी रिंकी र पिंकी २१ वैशाख शुक्रवार दिउसो १ बजेदेखी सम्पर्क विहीन भएको मामा अशोकले बताए।

चार दिनदेखी भान्जीहरुको खोजी गर्दा पनि कतै फेला नपरेको उनले सुनाए। कतै कुनै सुराक नपाइए पछि भान्जीको अवस्था पत्ता लगाइदिन अघिल्लो दिन आइतवार साँझ जिल्ला प्रहरी कार्यालयमा सो बारे सम्पुर्ण जानकारी गराइएको उनले सुनाए।

आमा देवकीले छोरी रिंकी र पिंकी आफुलाई केही नभनी शुक्रवार दिउँसो १ बजेतीर घरवाट निस्केको र त्यस पछि अबेर राती सम्म पनि न फर्के पछि खोज तलास सुरु गरिएको बताईन।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुंण्डिराज नेउपानेले सम्पर्क विहीन भएकी दिदी/वहिनी रिंकी र पिंकीबारे आफन्तले आईतवार साँझ मात्र जानकारी गराएको बताए। उनले सम्पर्क विहीन भएकी दिदी/बहिनीको पत्ता लगाउन उनीहरुको हुलीया सहितको सम्पुर्ण विवरण सवै प्रहरी कार्यालयमा पठाइएको उनले बताए।

उनले सिमावर्ती भारतीय क्षेत्रका प्रहरी अधिकारीलाई समेत जानकारी गराई उनीहरुको खोजी कार्या भईरहेको समेत जनाए।

# खडकमा युवा संजाल पुर्नगठन



**राजविराज**/युवालाई सशक्त बनाई हकअधिकारका लागि मुलधारमा ल्याउन खडक नगरपालिकामा पालिकास्तरिय युवा संजाल पुर्नगठन गरिएको छ।

खडक नगरपालिकाको कल्याणपुरस्थित खडक नगरपालिकाको समन्वय र सबल नेपालको आयोजना तथा युएसएआईडीको सहयोग नागरिक, समाज तथा संचार कार्यक्रम अन्तर्गत पालिकास्तरिय युवा संजाल पुर्नगठन गरिएको हो।

गठित संजालको अध्यक्षतमा प्रल्लाद चौधरी, उपाध्यक्षमा पार्वती चौधरी, सचिवमा रकीराज प्रभात चौधरी, सहचिवमा गुलसन परविन, कोषाध्यक्षमा राजदेव पासवान रहेका छन्।

त्यस्तै सदस्यहरूमा शिवशंकर मण्डल, अर्जुन मण्डल, मनिष साह, दिपेन्द्र भगत, निरज साह, शंकर सहनी, मंजुला साह, सोनिया मण्डल, साजिद अख्तर शेख, निसु विश्वकर्मा, दिपिका चौधरी र अंजली राम छन्।

गठित संजालले पालिकास्तरमा देखिएका युवा, महिला, दलित, सिमान्तकृत वर्गको आवाजलाई बढाउन तथा मुलधारमा ल्याउन र उनीहरूको समस्याहरूलाई पैरवी, वकालत मार्फत पहल गर्नका लागि युवा संजाल गठन गरिएको संजालका अध्यक्ष प्रल्लाद चौधरीले जानकारी दिए।

समुदायमा बेरोजगारी, बालविवाह, लागू औषध, स्वास्थ, लागू पदार्थ दुर्व्यसन, देहज प्रथा, समस्यालाई समाधान गर्नका लागि संजाललाई सश्क्तीकरण, सक्रिय, बनाई अभियानको रूपमा परिचालन गरिने उद्देश्यले गठन गरिएको सबल नेपाल नागरिक, समाज र संचार कार्यक्रम संयोजक शुभ नारायण भिणवार यादवले बताए।

सिपमुलक रोजगारको व्यवस्था गर्नु, उधोगको संचालन, लागू पदार्थ सम्वन्धि तालिमहरूको ब्यवस्था गर्नु, जनचेतना मुलक कार्यक्रमहरू संचालन गर्ने, गरिब, एकल महिलाहरूलाई समय समयमा सहयोगसँगै रोजगारको ब्यवस्था गर्ने जस्ता समस्याहरू समुदायमा रहेको युवा संजालका सदस्य सोनिया मण्डलले बताईन।

पालिका स्तरिय दुई दिने युवा संजाल पुर्नगठन कार्यक्रममा एसिया फाउन्डेशनका रोशन कुमार झा, सबल नेपालका कार्यक्रम म्यानेजर शुभनारायण भिणवार यादव, कार्यक्रम अधिकृत चन्दनकुमार यादव र सवनम यादव लगायतले सहजिकरण गरेका थिए।

# राष्ट्रिय महिला कवड्डी प्रतियोगिता शुरु, उद्घाटन खेलमा मधेश प्रदेश बिजयी

**राजविराज**/राष्ट्रिय महिला कवड्डी प्रतियोगिता राजविराजमा शनिवारदेखि शुरु भएको छ। राजविराज २ स्थित प्रस्तावित बसपार्क प्राङ्गणमा रहेको मैदानमा शुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा मधेश प्रदेशले कोशी प्रदेशलाई चार अंकको झिनो अन्तरले पराजित गरेको छ। मधेश प्रदेशले कोशी प्रदेशलाई ३६-३२ को अन्तर अंकले हराउँदै प्रतियोगितामा सुखद सुरुवात गरेको छ।



जिल्ला कबड्डी संघको आयोजना, अखिल नेपाल कबड्डी संघको समन्वय, राजविराज नगरपालिका तथा अग्निसाइर कृष्णासवरण गाउँपालिकाको सहयोगमा शुरु भएको प्रतियोगिताको राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख ईसरत प्रवीणले उद्घाटन गरिन्। उनले यस्ता प्रतियोगिताले खेल क्षेत्रको विकास मात्र नभई खेलाडीको विकासका लागि समेत टेवा पुग्ने बताइन्।

उनले खेलकुदको विकासका लागि आफुले साधन श्रोतले भ्याएसम्म सहयोग गर्ने प्रतिबद्धता समेत जनाईन्। प्रतियोगिता जेठ १ गतेसम्म चल्ने छ। प्रतियोगितामा कर्णाली बाहेकका ६ प्रदेश तथा तीन वटा विभागीय (नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी) गरी ९ वटा टिमको सहभागिता रहेको अखिल नेपाल कबड्डी संघका महासचिव अरबिन्द झाले दिए।

कबड्डी खेललाई नेपालकै नम्बर १ खेल बनाउने, कबड्डी खेलमा महिला सहभागिता बढाउने र नयाँ नयाँ प्रतिभा खोज्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको महासचिव झाको भनाइ छ। प्रतियोगितामा विजेता र उपविजेताका साथै बिभिन्न विधामा समेत उत्कृष्ट खेलाडीले नगद, ट्रफी, मेडल तथा अन्य पुरस्कार प्राप्त गर्ने जिल्ला कबड्डी संघ सप्तरीका अध्यक्ष चन्द्रशेखर चौधरीले बताए।

लिग कम नकआउट प्रणालीका आधारमा खेलाईने प्रतियोगिता अन्तगरत आइतवार चार वटा खेल हुनेछ। जस अनुसार पहिलो खेल नेपाली सेना र गण्डकी प्रदेश, दोश्रो खेल लुम्बीनी र सुदुरपश्चिम प्रदेश, तेश्रो खेल बागमति र मधेश प्रदेश तथा चौथो खेल नेपाल प्रहरी र सशस्त्र प्रहरी टिमबीच हुने आयोजक समितिले जनाएको छ।

# सप्तरीका दुई पत्रकार प्रेस स्वतन्त्रता सेनानीबाट सम्मानित





**राजविराज**/नेपाल पत्रकार महासंघको २७ औ केन्द्रिय महाधिवेशनको अवसर मा सप्तरीका दुई पत्रकार प्रेस स्वतन्त्रता सेनानीबाट सम्मानित भएका छन्।

सप्तरीका प्रकाश खतिवडा र देवराम यादवलाई प्रेस स्वतन्त्रता सेनानीबाट सम्मानित गरिएको हो।

खतिवडा समाजवादी प्रेस संगठनका नेता तथा नेपाल पत्रकार महासंघ सप्तरीका पुर्वसभापती हुन् भने देवराम यादव प्रेस सेन्टर नेपालका केन्द्रिय सल्लाहकार तथा प्रेस काउन्सील नेपालका पूर्वसदस्य हुन्।

यसअघि सप्तरीबाट वरिष्ठ पत्रकार बैजनाथ झा समेत सो सम्मानबाट सम्मानित भइसकेका छन्।

# विष्णुपुर गाउँपालिकाद्वारा नि:शुल्क एम्बुलेन्स सेवा




**राजविराज**/सप्तरीको विष्णुपुर गाउँपालिकाले गर्भवती र सुत्केरी महिलाहरुको उपचारका लागि नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने भएको छ।

गाउँपालिका अध्यक्ष उमेश कुमार यादवले पालिकाको बैठकबाट सो निर्णय गरेको जनाउँदै उक्त निशुल्क एम्बुलेन्स सेवा आउँदो जेठ १ गतेदेखी लागु हुने बताए।

गाउँपालिकाको सात वटै वडाका गर्भवती, सुत्केरी महिलाहरुलाई उपचारमा ढिलाई नहोस् भन्ने उद्देश्यले राजविराजस्थित अस्पतालसम्म पुऱ्याउनका लागि नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय भएको उनले बताए।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**सुरुङ्गा नगरपालिका, सप्तरी**

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*